**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २६ अप्रेल २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

१. प्रधान मन्त्री नरेन्द्र मोदीले आज उत्तर प्रदेशको हरदोई जिल्लामा ५९४ किलोमिटर लामो गंगा एक्सप्रेसवेको उद्घाटन गर्नुभयो।

२. पश्चिम बंगाल विधानसभाको दोस्रो र अन्तिम-चरणको मतदान केहि छुटपुट हिंसक घटनाहरू छोडेर शान्तिपूर्ण ढंगमा सम्पन्न भएको छ। साँझ पाँच बजेसम्म 90% मतदान रेकर्ड गरिएको छ।

३. 2570 औ बुद्ध जयन्ती समारोहको निम्ति विभिन्न बौद्ध गुम्बाहरुमा तयारी शुरु भएको छ।
४. मौसम विभागले उत्तरी बङ्गालको बिभिन्न जिल्लाहरुमा भारी वर्षाका लागि ओरेन्ज अलर्ट जारी गरेको छ।

**प्रधानमंत्री - हरदोई**

प्रधान मन्त्री नरेन्द्र मोदीले आज उत्तर प्रदेशको हरदोई जिल्लामा ५९४ किलोमिटर लामो गंगा एक्सप्रेसवेको उद्घाटन गर्नुभयो। यस अवसरमा बोल्दै प्रधान मन्त्रीले भन्नुभयो, जसरी गंगा हजारौं वर्षदेखि उत्तर प्रदेशको जीवनरेखा रहिआएको छ, त्यसरी नै यो एक्सप्रेसवे पनि राज्यको विकासको नयाँ जीवन रेखा बन्नेछ। श्री मोदीले भन्नुभयो, पूर्वाधारले देशको तीव्र प्रगति र महत्वाकांक्षालाई प्रतिबिम्बित गर्दछ।

**पश्चिम बंगाल - मतदान**

पश्चिम बंगाल विधानसभाको दोस्रो र अन्तिम-चरणको मतदान केहि छिटपुट हिंसक घटनाहरू छोडेर शान्तिपूर्ण ढंगमा सम्पन्न भएको छ। साँझ पाँच बजेसम्म 90% मतदान रेकर्ड गरिएको छ। यस चरणमा 8 जिल्लाहरूका 142 सीटहरूका लागि कडा सुरक्षाबीच मतदान सम्पन्न गराइयो। स्वतन्त्र, निष्पक्ष, निर्भय तथा शान्तिपूर्ण मतदान सम्पन्न गराउन चुनाव आयोगले लगभग 2 लाख 50 हजार अर्धसैनिक बलहरूलाई तैनात गरेको थियो।

रिपोर्ट – By to AC –

**भवानीपुर**

पश्चिम बंगाल विधानसभा चुनावका बेला भवानीपुर क्षेत्रमा राजनीतिक तनाव गहिरिएको छ । मुख्यमन्त्री ममता बनर्जीले भवानीपुरको वार्ड नम्बर ७० मा एक पार्षदको घरमा केन्द्रीय बलले दुर्व्यवहार गरेको र भवानीपुरको वार्ड नम्बर ७० मा एक पार्षदको घरमा छापा मार्दा मोबाइल फोन पनि खोसिएको आरोप लगाउनु भयो। मुख्यमन्त्रीका अनुसार यो कारबाही एकपक्षीय र अनुचित ढंगले गरिएको छ, जसका कारण क्षेत्रमा भय र असन्तुष्टिको वातावरण सिर्जना भएको छ अर्कोतिर मुख्य निर्वाचन अधिकारी मनोजकुमार अग्रवालले पुलिस र सुरक्षा बलको कारबाही शान्ति सुरक्षा कायम गर्न र शान्तिपूर्ण मतदान सुनिश्चित गर्नका लागि गरिएको बताउनु भयो । उहाले स्पष्ट पार्दै भन्नुभयो कुनै पनि कार्यको पछाडि सुरक्षा कारण र पूर्व सूचना हुन्छ, र यो निर्णय सान्दर्भिक परिस्थितिको आधारमा लिइएको हो।

**शुभेन्दु अधिकारी**

भारतीय जनता पार्टीका वरिष्ठ नेता शुभेन्दु अधिकारीले कोलकाताको भवानीपुर सीटबाट मुख्यमन्त्री ममता ब्यानर्जीमाथि विजय हासिल गर्ने दाबी गर्नुभयो। बिहानै भवानीपुर तथा चेतला क्षेत्रका विभिन्न बूथहरूको निरीक्षण गर्न पुग्नु भएका अधिकारीले पत्रकारहरूसित बातचित गर्दै आफ्नो जीतलाई लिएर ठूलो दाबी गर्नुभयो। अधिकारीले भन्नुभयो, "ममता ब्यानर्जी 30 हजार भोटले परास्त हुनेछन्। हामी कुनै पनि प्रकारको गुण्डागिरी हुन दिनेछैनौं। डर देखाएर भोट हासिल गर्न दिनेछैनौं।" यता तृणमूल कङ्ग्रेस प्रमुख ममता ब्यानर्जी पनि बिहान भवानीपुरका विभिन्न बूथहरूको दौड़ाह गैर्दै मतदान प्रक्रियालाई केन्द्रिय बल तथा बाहिरका पर्यवेक्षकहरूमाथि गम्भीर आरोप लगाउनु भयो। उहाका अनुसार केन्द्रिय बलले मतदाताहरूलाई प्रभावित पारिरहेको छ र कतिपय स्थानहरूमा अनावश्यक हस्तक्षेप गरिरहेको छ। यसको साथमा उहाले चुनाउ आयोगसित निष्पक्ष मतदान सुनिश्चित गर्ने माग गर्नुभयो।

**अनन्तपुर**

पश्चिम बङ्गाल विधानसभा चुनाउ अवधि हुगली जिल्लाको धनेखाली स्थित अनन्तपुर प्राथमिक विद्यालय मतदान केन्द्रमा बुधवार मतदानको अनौठो दृश्य देखियो। मतदान केन्द्रको परिवेश यस्तो भएको थियो मानौं कुनै विवाह समारोह आयोजना भइरहेको छ। मतदान केन्द्रको प्रवेश द्वारमा केन्द्रिय बलहरूको तैनाथीबीच स्थानीय स्वयंसेवी समूहका महिलाहरूले मतदाताहरूलाई गुलाबको फूल दिएर स्वागत गरिरहेका थिए। केन्द्रभित्र मतदाताहरूको लागि कफीको व्यवस्था गरिएको थियो भने सनाईको धुन बजिरहेकोले सम्पूर्ण वातावरण उत्सव जस्तै प्रतीत भइरहेको थियो। घाँमदेखि बच्नको लागि शेड, बस्नका लागि कुर्सीहरू तथा चिसो पानीको पनि पर्याप्त व्यवस्था गरिएको थियो। टाड़ाबाट हेर्दा यस्तो लागिरहेको छ मानौं कुनै विवाहको घरमा प्रवेश गरिरहेका छौं। मतदान केन्द्रभित्र महिला अनि पुरूष मतदाताहरूको लामो पङ्क्ति देखियो। मतदाताहरूले उत्साहको साथमा आफ्नो मताधिकारको प्रयोग गरे।

**मोडल बूथ**

नदिया जिल्लाको कृष्णनगरमा विधानसभा चुनाउ 2026 अन्तर्गत दोस्रो चरणको मतदान अवधि मतदाताहरूको लागि एक अनौठो तथा आकर्षक मोडल बूथ बनाइएको छ जुन यस क्षेत्रमा चर्चाको विषय बन्न पुगेको छ। यस विशेष बूथमा प्रवेश गर्दा मतदाताहरूलाई आफ्नै घरमा आएको जस्तो अनुभूत गरे। चुनाउ आयोग तथा स्थानीय प्रशासनको पहलमा तयार गरिएको यस मोडल बूथलाई पूर्ण रूपले घरको जस्तै थीममा सजाइएको थियो। बूथभित्र सुन्दर पर्दा, सोफा सेट, फूलहरूको सजावट, भित्ताहरूमा पेन्टिङ्ग, सफा कार्पेट तथा आरामदायक बस्ने व्यवस्था गरिएको छ। बुजुर्ग, महिला तथा दिव्याङ्ग मतदाताहरूको लागि विशेष सुविधा पनि राखिएको छ।
यस्तै मतदान केन्द्र बाहिरदेखि भित्रसम्म रङ्ग-बिरङ्गी सजावट, सेल्फी पोइन्ट जागरूकता सन्देश लेखिएको छ ताकि मानिसहरू मतदानप्रति आकर्षित होस्। पहिलो पटक भोट दिन पुगेका युवाहरूमा यस मोडल बूथप्रति विशेष उत्साह देखियो। स्थानीय प्रशासनको भनाइ छ, यस किसिमको मोडल बूथ बनाउनुको उद्देश्य मतदान प्रक्रियालाई सहज मात्र नबनाएर, मानिसहरूलाई मतदान गर्नको लागि पनि प्रेरित गर्नु हो। कतिपय मतदाताहरूले बूथभित्र तस्वीर कैद गरेर सोशल मीडियामा साझा पनि गरे।

**तक्दाह**

आगामी एक मईको दिन भव्यताको साथ पालन गरिने 2570 वाँ बुद्ध जयन्ती समारोहको निम्ति विभिन्न बौद्ध गुम्बाहरुमा तयारी शुरु भएको छ् भने कतिपय गुम्बाहरुमा अघावै पुजा काँग्यूर पाठ्न शुरु गरिएको छ् । यसै क्रममा तक्दाह चियाबारीको लेक गावँमा अवस्थित पद्मा छयोइलिङ बुद्धिष्ट गुम्बामा पनि आज देखि बुम पाठ शुरु गरिएको छ । गुम्बा संचालन समितिका संयुक्त सचिव बिएम मोक्तानले जनाए अनुसार आज देखि शुरु गरिएको तीन दिवसीय पुजामा बुम पाठ साथै भोलि गुम्बामा ल्याइएका दुईवटा नयाँ प्रतिमाहरुको प्राण प्रतिष्ठा पनि गरिने छ् जसको निम्ति सिलगढी बाट पुज्य रिन्पोर्छेको आगमन पनि भोलि नै हुने बताइएको छ् ।

**नेजी पेमालिङ कर्मी गुम्बा**

दर्जिलिङ जिल्ला अन्तर्गत नै अत्ति पुरानो मानिने गोक दुई ग्राम स्थित नेजी पेमालिङ कर्मी गुम्बामा आगमी एक मईको दिन धुमधाम सँग बुद्ध पूर्णिमा तथा बुद्ध जयन्ती कार्यक्रम आयोजन गरिने भएको छ। यसको जानकारी यस गुम्बाका संरक्षक तथा लामा राप्देन लामाले दिए। आज भन्दा लगभग 300 वर्ष पुरानो यो नेजी गुम्बाको एक अलग्गै ईतिहास रहेको छ। यसैकारण यस गुम्बाको परिभ्रमण तथा पूजा अर्चना गर्नको निम्ति हिन्दू र बुद्धिष्ट धर्मका भक्तहरू यहाँ आउने गर्छन्। बिजनबारी बजार देखि लगभग पाँच किलो मीटर माथि अवस्थित यो गुम्बा गोक दुई ग्राम पञ्चायत अन्तर्गत पर्ने गर्छ। प्राकृतिक रूपमा सम्पन्न यस नेजी गुम्बाको स्थापना 1718 सालमा तिनताकका सिक्किम राजा टेण्डुप लेप्चा द्वारा निर्माण गरिएको लामाहरुको भनाई छ।

**मीनबहादुर गुरुङ**

नेपाली भाषासंग्रामी, प्रयास पत्रिकाका प्रकाशक, डुवर्स नेपाली साहित्य विकास समितिका संस्थापक सदस्य तथा डुवर्सका अभिभावक मीनबहादुर गुरुङको निधन भएको छ। सन् १९५० को दशकदेखि नै निरन्तर नेपाली भाषा, साहित्य, संस्कृति अनि समाजसेवामा तिनले अग्रणी भूमिका निर्वाह गरिरहेका गुरुङले १९९० दशकतिर अखिल भारत नेपाली एकता समाजको गठन अनि सम्वर्द्धनमा ठूलो हात थियो। यस सन्दर्भमा डुवर्स नेपाली साहित्य विकास समितिका पक्षबाट अजय खड्काले शोक प्रकट गर्दै श्रदेय मीनबहादुर गुरुङको निधनले सबै मर्माहत तुल्याएको बताएका छन भने एउटा युगको अन्त भएको समेत बताएका छन।

**मेघेटार**

बिजनबारी भेगको पर्यटक स्थल मेघेटारमा यसवर्ष धुमधाम सँग खम्बु किराँती राईहरूको कमिटी पारुहाङ साया सिलिचुङ मांखिम कमिटीद्वारा आगामी 1 मईको दिन साकेवा पर्व मनाउने भएको छ। यसको जानकारी कमिटीका सचिव राजु चाम्लिङले दिएका छन् । मेघेटार ईको पर्यटक स्थलमा गत वर्ष मात्र मांखिमको निर्माण कार्य सकेर भवयतापूर्वक उद्घाटन गरिएको हो। यस्तै अहिलेको इन्टरनेटको समयमा पनि आफ्नो परम्परा, रीति रिवाज, संस्कार संस्कृतिहरुको अवस्था छिन्न भिन्न नहोस् भन्ने उदेश्य लिएर पनि मांखिमको निर्माण गरेको सभापति के बी राईले पनि बताए।

**edward**

इन्डियन गोर्खा जनशक्ति फ्रन्ट प्रमुख संयोजक अजय एडवर्ड्सले २०२६ को निर्वाचन केवल सत्ता परिवर्तनका लागि नभएर भ्रष्टाचारविरुद्धको जनआन्दोलन रहेको बताउनुभयो। यसको साथमा उहाले जनतासँग पुरानो भ्रष्ट राजनीतिक संस्कृतिको अन्त्य गरी स्वच्छ, पारदर्शी र जनमुखी शासन स्थापनाका लागि परिवर्तनको पक्षमा उभिन अपिल गर्नुभयो।

**अजय एडवर्ड्स**

रिले अनशनमा बसेका चियाश्रमिकहरूलाई भेट्न आईजीजेएफ प्रमुख अजय एडवर्ड्स लङ्भ्यू पुगनुभयो भने चियाश्रमिकहरूको न्यायका लागि आफू सदैव अघि आउने प्रतिबद्धता व्यक्त गर्नुभयो। यसको साथमा  श्रमिकहरूमाथि अन्याय र शोषणका विरुद्ध आवाज उठाउनकै लागि आफूहरू राजनीतिमा प्रवेश गरेका उहाले बताउनुभयो।यस्तै न्यायका लागि हरसम्भव सहयोग गर्न आफू चियाश्रमिकहरूका साथमा खड़ा हुने एडवर्ड्सले प्रतिबद्धता जाहेर गर्नुभयो।

**मौसम**

पश्चिम बंगालमा दोस्रो चरणको मतदानको दिन बुधबार बिहानैदेखि कोलकाता र आसपासका जिल्लाहरूमा आकाशमा बादल देखिएको थियो। मौसम विभागका अनुसार राज्यका विभिन्न स्थानमा मेघ गर्जन र वर्षा सुरु भएको छ। दक्षिण बंगालका सबै क्षेत्रमा एकैसाथ वर्षा नभए पनि दक्षिण बंगालका सात जिल्लाका मतदाताहरू लाइनमा उभिएका थिए। अलीपुर मौसम विभागका अनुसार दक्षिण बंगालको हुगली र पश्चिम मेदिनीपुर जिल्लामा भारी वर्षा हुने तथा उत्तरी बङ्गालको दार्जिलिङ, जलपाइगुडी, कालिम्पोङ, अलिपुरद्वार र कुचबिहार जिल्लामा पनि भारी वर्षाको सम्भावना रहेको छ।

**********